मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012

544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २५३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज ७ गते मंगलबार ❑ 23 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## अर्थमन्त्री खनालसँग पोखराका पर्यटन व्यवसायीको भेट

**रासस**
पोखरा, ६ असोज

अर्थमन्त्री रामेश्वर खनालसँग भेट गरेर पोखराका पर्यटन व्यवसायीले पर्यटन क्षेत्रका समस्याबारे ध्यानाकर्षण गराएका छन् ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वको टोलीले सोमबार सिंहदरबारस्थित मन्त्रालयमा भेट गरी अर्थमन्त्री खनाललाई पर्यटन क्षेत्रको पुनःउत्थानलगायत विषयमा ध्यानाकर्षण गराइएको हो । उक्त अवसरमा मन्त्री खनाललाई विभिन्न मागसहित ध्यानाकर्षणपत्र पनि बुझाइएको थियो । भेटमा परिषद्का पूर्वअध्यक्ष एवं नेपाल पर्यटन बोर्डका पूर्वसदस्य टीकाराम सापकोटा, रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल, पूर्व अध्यक्ष नरेशबहादुर भट्टराई, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष किशोर दाहाल र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने सहभागी हुनुहुन्थ्यो ।

पर्यटन व्यवसायको मुख्य याम सुरू हुन लाग्दा भएको 'जेनजी' प्रदर्शन र त्यस क्रममा भएका आगजनी तथा तोडफोडबाट पर्यटन क्षेत्रमा ठूलो क्षति पुगेको ध्यानाकर्षणपत्रमा उल्लेख छ । आन्दोलनका क्रममा व्यावसायिक प्रतिष्ठानमाथि गरिएको तोडफोड, आगजनी तथा लुटपाटमा संलग्न व्यक्ति तथा समूहको पहिचान गरी कानुनी कारबाही गर्न र पीडित व्यवसायीलाई यथाशिघ्र क्षतिपूर्तिको व्यवस्था गरिदिन माग गरिएको छ ।

उक्त घटनापछि पर्यटकहरूले आफ्ना भ्रमण प्याकेजकहरू तथा बुकिङहरू रद्द गरिरहेको भन्दै यस विषम परिस्थितिमा पर्यटन क्षेत्रको पुनःउत्थानका लागि आवश्यक पहल गर्न आग्रह गरिएको छ । "पर्यटन याम सुरूआतमा प्रदर्शनपछि निकै सङ्कटको अवस्था आएको छ। हालको परिस्थिति, पर्यटकीय याम फागुनमा घोषित निर्वाचन तथा राजनीतिक अस्थिरताले लामो समयसम्म पर्यटक आउने सम्भावना निकै कम छ । त्यसैले व्यवसायीहरूले लिएको बैङ्क कर्जा एवं ऋणको ब्याज तथा किस्ता भुक्तानी गर्न चैत मसान्तसम्म नै असम्भवजस्तै अवस्था आउनसक्छ । त

यसैले किस्ता, ब्याज तिर्ने म्याद थपेर कुनै शुल्क वा जरिवाना नलिने व्यवस्थाका लागि हाम्रो आग्रह छ । साथै व्यवसया सञ्चालनका लागि थप सहुलियतसहित कर्जा उपलब्ध गराउन सहजीकरणको खाँचो छ", ध्यानाकर्षण पत्रमा भनिएको छ । यसैगरी पर्यटन उद्योगलाई दिइने कर्जाको ऋण तिर्ने अवधि कम्तीमा २५ वर्षको बनाउन र पुनःकर्जा सुविधा उपलब्ध गरिदिन आग्रह गरिएको छ । साना तथा मझौला व्यवसायलाई पुनःउत्थान गर्नका लागि विगतमा व्यवस्था भए जस्तो रु १५ लाखसम्म कम्तीमा पाँच वर्षसम्मको लागि शून्य ब्याजदरमा व्यवसायी जीवन रक्षा कर्जा र कर्जाको ब्याजदरलाई अझ न्यून सहुलियत दरमा प्रदान गर्न माग गरिएको छ । विश्व बजारलाई मध्यनजर गर्दै समग्र मुल्य अभिवृद्धि करको दर घटाउनका साथै हाल हवाईटिकट र पदयात्रामा लगाउँदै आइरहेको मूल्य अभिवृद्धि कर तत्काल खारेज गर्न, नियन्त्रित र निर्देशित पदयात्रा क्षेत्रको पदयात्रा अनुमति शुल्क तत्काल पुनरावलोकन गरी कोराला नाका सञ्चालनमा आवश्यक पहल गर्न, चालु आर्थिक वर्षको बजेटमा घोषणा गरिएको पर्यटन व्यवसायलाई उद्योग सरहको सुविधा प्रदान गर्ने काम हालसम्म कार्यान्वयनमा नआएकोले यथाशीघ्र सोको कार्यान्वयन गराउन आवश्यक पहल गर्न परिषद्ले आग्रह गरेको छ।

परिषद् नेतृत्वको टोलीले आइतबार गभर्नर डा विश्व पौडेल, नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीसँग भेट गरी पर्यटन क्षेत्रको पुनःउत्थानलगायत विषयमा छलफल गरेको परिषद्का अध्यक्ष पहारीले जानकारी दिनुभयो।

## गण्डकीका चार सय ६१ कैदीबन्दी अझै फरार

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनका क्रममा यहाँका विभिन्न कारागारबाट भागेका ११ सय ९५ कैदीबन्दीमध्ये आइतबारसम्ममा सात सय ३४ कैदीबन्दी कारागार फर्किएका छन् ।

चार सय ६१ कैदीबन्दी अझै फरार अवस्थामा रहेको गण्डकी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक तुलबहादुर कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार कारागार कार्यालय, कास्कीबाट भागेका सात सय ७३ कैदीबन्दीमध्ये तीन सय ८१, तनहुँ कारागारबाट भागेका तीन सय २७ मध्ये दुई सय ७६, म्याग्दी कारागारबाट भागेका ७६ मध्ये ६७ जना र पर्वत कारागारबाट भागेका १९ मध्ये १० जना कैदीबन्दी कारागार फर्किएका हुन् । कास्की कारागारबाट भागेका तीन सय ९२, तनहुँ कारागारका ५१, म्याग्दी र पवर्त कारागारका नौ/नौ जना अझै पक्राउ पर्न नसकेको सूचना अधिकारी कार्कीले बताउनुभयो। कतिपय कैदीबन्दी आफै कारागार फर्किएको र केहीलाई भाग्ने क्रममा नियन्त्रणमा लिइएको उहाँको भनाइ छ। भागेका कैदीबन्दीलाई कारागार फर्काउन प्रहरी सक्रिय रहेको जिल्ला प्रहरी कार्यालय, कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताउनुभयो। 'जेनजी' आन्दोलनका क्रममा चारवटै कारागारमा रहेका कुल १२ सय ८१ कैदीबन्दीमध्ये ११ सय ९५ जना भागेका थिए। प्रदेशका अन्य केही कारागार कार्यालयबाट पनि कैदीबन्दी भाग्न खोजेपनि कडा सुरक्षा व्यवस्थाका कारण उनीहरू भाग्न सकेका थिएनन् । जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासतबाट भागेका थुनुवालाई पनि खोजी गरी नियन्त्रणमा लिने काम भइरहेको सूचना अधिकारी बस्नेतले बताउनुभयो । उहाँका अनुसार हिरासतबाट ८३ थुनुवा भागेका थिए । यस्तै कास्कीको सराङकोटमा रहेको बाल सुधारगृहबाट भागेका एक सय छ जना बाल बन्दीमध्ये ४६ जना सुधारगृहमा फर्किएको जनाइएको छ । कारागार र प्रहरी कार्यालयले भागेका कैदीबन्दीलाई आफै कारागार फर्कन सुरुदेखि नै आग्रह गरेका छन् । टोलछिमेक र समुदायमा कसैले भागेर गएका कैदीबन्दी वा थुनुवा देखेमा कारागार कार्यालय र प्रहरीमा खबर गर्न अनुरोध गरिएको सूचना अधिकारी बस्नेतले बताउनुभयो । कारागार व्यवस्थापन विभागले कैदीबन्दी आफै कारागार नफर्किएमा विशेष सुरक्षा अपरेशन सञ्चालन गरेर उनीहरूलाई फर्काउने योजना बनाएको छ।

## नारायणगढ–मुग्लिन सडकखण्ड सञ्चालनमा

**पोखरापत्र संवाददाता**
चितवन, ६ असोज

गत शुक्रबार गएको पहिरोका कारण अवरुद्ध नारायणगढ-मुग्लिन सडकखण्ड सोमबार साँझदेखि सञ्चालनमा आएको छ।

तुइन खोलामा गत शुक्रबार साँझ ६ बजे आएको पहिरोका कारण अवरुद्ध सडक सोमबार साँझ ५:३० बजेदेखि पूर्णरुपमा सञ्चालनमा आएको हो।

डिभिजन सडक कार्यालय चितवनका प्रमुख नारायण लामिछानेका अनुसार हिजो साँझ केही समय एकतर्फि सञ्चालनमा आएको सडक राती बन्द गरिएको थियो । आज बिहान देखि एक तर्फि रुपमा सञ्चालन गरिएको सो सडक दिउँसो १ बजे देखि ३ बजे सम्म पूर्णरुपमा बन्द गरी पहिरो पन्छाइएको थियो । अझै पहिरोको जोखिम रहेकाले यात्रा गर्दा सवारी चालक र यात्रुलाई सावधानी अपनाउन जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ।

## पहिरोले छ घर भत्किए, दश घर उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
पर्वत, ६ असोज



गत शनिबार रातिको भीषण वर्षाका कारण बस्ती भन्दा तलदेखि पहिरो जाँदा यहाँको फलेवास नगरपालिका-८ ठानामौला खाल्टेका छ घर पुर्ण रूपमा भत्किएका छन् ।

त्यसैगरी १० घर उच्च जोखिममा छन् । स्थानीय मीनबहादुर नेपाली, नन्दकुमारी भण्डारी, डिलबहादुर गुरुङ, अस्मिता सार्की, लक्ष्मी परियार र अर्को एक रित्तो घर र गोठपुर्ण रूपमा भत्किएको सो वडाका वडा अध्यक्षमनबहादुर कुँवरले जानकारी दिनुभयो। कुनै मानविय तथा पशुचौपायाको क्षति भने भएको छैन । जमिन चिरा पर्न थालेपछि र पशुचौपायासहित पहिल्यै सुरक्षित ठाउँमा सर्न भ्याएकाले क्षति हुन नपाएको हो । बस्ती भन्दा तल रहेको खोल्साबाट केही वर्षदेखि पहिरो बग्दै गाउँसम्मपुगेको हो।

विस्थापित घरपरिवारलाई नजिकैको जनज्योति माध्यमिक विद्यालयको खेल मैदानमा टेन्ट टाँगेर राखिएको जिल्ला प्रहरीका प्रहरी नायब उपरिक्षक रबिन विष्टले जानकारी दिनुभयो।

जिल्ला स्थित विपद् व्यवस्थापन समितिका टोली, फलेवास नगरपालिकाका नगरप्रमुख गङ्गाधार तिवारी, उपप्रमुख शोभा क्षेत्रीलगायतका स्थानीय जनप्रतिनिधिले सो स्थानको स्थलगत निरीक्षण गरेका छन्। उनीहरुले विस्थापित परिवारलाई अस्थाई वसोवासका लागि पाँचवटा टेन्ट उपलब्ध गराएको सो नगरका नगरप्रमुख गङ्गाधर तिवारीले जानकारी दिनुभयो।

विस्थापित परिवारलाई पुनःस्थापना गर्न र सुरक्षित स्थानमा आवास निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन समितिमार्फत पहल गरिने उहाँले बताउनुभयो।


**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।**

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,

◆सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
◆सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
◆आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
◆सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
◆सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
◆मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड


## गोरखा दरबारको दसैंघरमा जमरा राखियो


**पोखरापत्र संवाददाता**
गोरखा, ६ असोज

गोरखा दरबारको दसैंघरमा सोमबार विधिपूर्वक जमरा राखिएको छ। वडादसैं अर्थात् नवरात्रको पहिलो दिन घटस्थापना पर्वका अवसरमा मूलदरबारस्थित दसैंघर, कालिका मन्दिर, गोरखनाथ मन्दिर र उपल्लो दरबारमा बिहान ९ बजेर १३ मिनेटको शुभसाइतमा जमरा राखिएको गोरखकाली मन्दिरकामूलपुजारीशारदाप्रसाद भट्टराईले जानकारी दिनुभयो।

परम्परा अनुसार बिहान सबेरैको भूकभूके उज्यालोमा कैलास कोठाबाट देवी भगवतीलाई मूलदरबारको गर्भगृह (पूजा कोठा) मा सवारी गराइ पदस्थापना गराएपछि लगत्तै पानी घडा थापेर त्यसैको शुभसाइतमा जमरा राखिएको उहाँले बताउनुभयो। "कैलास कोठामा देवीलाई सवारी गराएपछि बिहानको शुभसाइतमा विधिपूर्वक घटस्थापना अर्थात जमरा राखिएको हो, उहाँले भन्नुभयो, "जमरा राख्ने तयारीका लागि त्यसअघि नै कालिका मन्दिरको पटाङगिनीमा देवीको पूजाकार्यमा प्रयोग हुने भाँडावर्तन माझ्ने तथा शैलपुत्रीको पूजाका लागि आवश्यक सामाग्री तयार


बाँकी अन्तिम पृष्ठमा ▶▶





# आश्विन शुक्ल प्रतिपदा: हनुमानढोकाको दसैँ घरमा वैदिक विधिपूर्वक घटस्थापना

**रासस**
काठमाडौं, ६ असोज

आश्विन शुक्ल प्रतिपदा अर्थात् दुर्गा पक्षको पहिलो दिन आज हनुमानढोका दरबारस्थित दसैँ घरमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखिएको छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको बिहान ०९:१३ बजेको साइतमा हनुमानढोका दरबार क्षेत्रको दसैँ घरमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखिएको हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख काजीमान प्याकुरेलले राससलाई जानकारी दिनुभयो। हनुमानढोका दरबारमा रहेको दसैँ घरमा राज्यका तर्फबाट घटस्थापना गरी विधिपूर्वक दुर्गा देवीको आह्वान गरी पूजा आराधना गर्ने परम्परा रहेको छ।

हनुमानढोकाको दसैँ घरमा आजैदेखि बलिसहित पूजा सुरु गरिन्छ । हनुमानढोकाको कोतमा महाअष्टमी र महानवमीका अवसरमा भने ५४ बोका, ५४ राँगाको बलि दिएर विशेष पूजा गरिन्छ। यस वर्ष असोज १४ गते बुधबार महाअष्टमी र असोज १५ गते बिहीबार महानवमी पर्व परेको छ । वैदिक विधिपूर्वक घटस्थापना गरी दुर्गा देवीको आह्वान गरिएको दसैँ घरमा दुर्गा पक्षको पहिलो दिन आज नव दुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको पूजा आराधना गरिन्छ। दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौँ दिन स्कन्दमाता, छैटौँ दिन कात्यायनी, सातौँ दिन कालरात्री, आठौँ दिन महागौरी र नवौँ दिन सिद्धिदात्रीको विधिपूर्वक पूजा आराधना गरिन्छ। नव दुर्गासहित दसैँ घरमा वा पूजा कोठामा महाकाली, महालक्ष्मी र महासरस्वतीको पनि विधिपूर्वक पूजा, आराधना गरिन्छ। यसैगरी राजधानीलगायत देशभरका शक्तिपीठ एवं देवी मन्दिरमा पनि भक्तजनको पूजा, आराधना एवं दर्शनका लागि भीड लाग्ने गर्छ। शक्तिपीठ एवं देवी मन्दिरमा बलिसहित पूजा, आराधना गर्न पनि भक्तजन पुग्ने गर्छन् । घटस्थापनादेखि महानवमीका दिनसम्म विधिपूर्वक दुर्गा देवीको पूजा, आराधना गरिन्छ । नौ दिनसम्म पूजा, आराधना गरिएकी देवीलाई विजयादशमीका दिन बिहान देवी विसर्जन गरी मान्यजनका हातबाट प्रसादस्वरुप टीका र समृद्धिको प्रतीकका रूपमा जमरा लगाउने गरिन्छ । मान्यजनबाट टीका र जमरा लगाउने क्रम कोजाग्रत पूर्णिमाका दिनसम्म जारी रहन्छ। कोजाग्रत पूर्णिमाका दिन अखिल बलि पूर्ति गरी बेलुकी धनधान्यकी देवी महालक्ष्मीको विधिपूर्वक पूजा, आराधना गरी जाग्राम बसेपछि १५ दिन लामो बडादसैँ पर्व समाप्त हुन्छ । यो १५ दिनको पक्षलाई दुर्गा पक्ष पनि भनिन्छ । नौ दिनसम्म विधिपूर्वक देवीको आराधना गर्ने बाँकी छ दिन देवीको प्रसाद ग्रहण गरिने भएकाले यो १५ दिनको समयलाई दुर्गा पक्ष भनिएको हो।



कालिका भगवतीमा भक्तजनको चहलपहलः
बडादसैँको घटस्थापनाका दिन सोमबार बागलुङको बागलुङ नगरपालिका-१ स्थित प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरमा देखिएको भक्तजनको चहलपहल । बडादसैँको नवरात्रभर यहाँ विशेष पूजाआजा हुने गर्छ ।
तस्बिरः राम थापा/रासस

# पदमार्गका लागि अन्नपूर्ण आधार शिविरमा पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असोज

मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविरमा पर्यटकको चहलपहल बढेको छ । शरदयामको सुरुआतसँगै अन्नपूर्ण गाउँपालिका-४ मा स्थित आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल शिविरमा पर्यटकको चहलपहल बढेको हो।

हाल दैनिक १५ देखि ४० जना पदयात्री आधार शिविरको पदयात्रामा गइरहेका अन्नपूर्ण -४ का वडा सदस्य श्याम पुर्जाले बताउनुभयो। दसैँ तिहारको बिदा सुरु भएपछि पदयात्रीहरुको चाप बढ्ने अपेक्षा गरिएको उहाँले बताउनुभयो । मिस्त्रीखोलाको किनारै किनार, अग्ला झरना, मनमोहक हिमश्रृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै अन्नपूर्ण आधार शिविरमा पुग्न सकिन्छ । नारच्याङदेखि दुई घण्टा गाडीमा यात्रा गरेपछि पुगिने हुमखोलादेखि दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ । छोटो यात्रामा पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको छ। शान्त र एकान्त वातावरण, वन्यजन्तु, पक्षी, जङ्गल, अग्ला पहाडको खोच, फुतफुते झरना, अन्नपूर्ण हिमालको फेदीमा रहेको निलो रङ्गको पञ्चकुण्ड ताल आधार शिविरको आकर्षण हो । सहरको कोलाहलबाट मुक्त भएर प्रकृतिसँग रमाउदै छोटो समयको पदयात्राका लागि मौरिस हर्गोज पदमार्ग र अन्नपूर्ण आधार शिविर उपभोगी भएको गोरखाबाट आएका सन्दिप भट्टले बताउनुभयो । ७५ वर्षअघि फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण हिमाल आरोहणका लागि प्रयोग गरेको बाटो पछ्याउँदै विसं २०६७ मा नारच्याङका तेज गुरुङको अगुवाइमा पहिचान भएको यो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा मौरिस हर्गोज नामाकरण गरी खुलाएको थियो।

अन्नपूर्ण गाउँपालिकाले आश्रयस्थल, सार्वजनिक शौचालय, खानेपानी निर्माण, पदमार्ग मर्मत र समुद्रि सतहदेखि चार हजार एक सय मिटर उचाइमा रहेको आधार शिविरमा खुल्ला सङ्ग्रहालय स्थापना गरेको छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को रु पाँच लाख सहयोगमा 'रेड वाटरफल' र सुनखोलामा काठको पुल निर्माण भएको छ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को नीगिगत व्यवस्था अनुसारको प्रक्रिया पूरा गरेर गाउँपालिकाबाट अनुमति लिएर नारच्याङका युवाहरुले फुटफुते झरनामा चिया पसल, साधीखर्क, गुफाफाँट, भुसकेट र अन्नपूर्ण आधार शिविरको पञ्चकुण्ड ताल परिसरमा क्यापीङ सञ्चालन गरेका छन्।

पर्यटकलाई खान, बस्न सहज, बन्दोबस्तीका सामानको भारी बोकेर यात्रा गर्नुपर्ने बाध्यता हट्नुका साथै स्थानीयस्तरमा रोजगारी र आयआर्जनको अवसर सिर्जना भएको छ। ती क्यापिङ क्षेत्रहरुमा दैनिक ५० जनासम्म पर्यटक बास बस्न सक्ने क्षमता रहेको छ।

# रेडियो अन्नपूर्णद्वारा विन्ध्यवासिनी मन्दिरमा सरसफाइ

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज



रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जको आयोजनामा सोमबार पोखराको प्रसिद्ध धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ गरिएको छ।

रेडियोले आफ्नो स्थापनाको २५ औं वर्ष प्रवेशको सन्दर्भमा १२ महिना १२ कार्यक्रम अन्तर्गत असोज महिनाको लागि मन्दिर परिसरमा सरसफाइ कार्यक्रमको आयोजना गरेको स्टेसन म्यानेजर सञ्जय कुमार मल्लले बताए । सरसफाइ कार्यक्रमको शुभारम्भ गर्दै रेडियोका अध्यक्ष विश्वशङ्कर पालिखेले स्थापनाको २५ औं वर्ष प्रवेशको सन्दर्भमा रेडियोले सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यक्रम आयोजना गरिएको उल्लेख गरे।

नेपालीहरूको महान चाड दशैं सुरु भएको र सोमबारदेखि नै नवदुर्गा भवानीको पूजा गर्न सुरु गरिने भएकाले पनि विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ गरिएको उनको भनाइ छ। झण्डै अढाई शताब्दी पुरानो यो मन्दिर पोखरेलीहरूको आस्थाको केन्द्रका रुपमा रहेकोले समेत सरसफाइका लागि उपयुक्त स्थानको रुपमा छनौट गरिएको उनले बताए । यसअघि पनि रेडियो अन्नपूर्णले विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ गर्दै आएको थियो । अध्यक्ष पालिखेले रेडियोले नाफामुखि भन्दा समाजसेवाको भावनामा जोड दिएको उल्लेख गरे । रेडियोका प्रबन्ध निर्देशक सुनयना पालिखेका अनुसार रेडियोले रजत वर्षको कार्यक्रम अन्तरगत यसअगाडि बुद्ध जयन्तीको अवसर पारेर पोखरा १४ बाच्छीबुडुवामा रहेको वात्स्यायन वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा सहयोग गरेको थियो । त्यस्तै २१२ औं भानु जयन्तीको अवसरमा 'सम्झनामा आदिकवि' विशेष कविता वाचन लगायत प्रत्येक महिना कार्यक्रम गदै आइरहेको प्रबन्ध निर्देशक पालिखेले बताइन् । जेनजी आन्दोलनको क्रममा आगजनी र तोडफोड भएको जिल्ला प्रहरी कार्यालय कास्कीमा स्टेसनरी सामाग्री वितरण गरिएको उनले खुलाइन्। उनका अनुसार हरेक महिना केही न केही कार्यक्रम गर्ने योजना बनाएको रेडियोले बैशाखमा रजत वर्षको मुख्य कार्यक्रम आयोजना गर्नेछ।

पर्यटन प्रहरी कार्यालय पोखराका प्रहरी नायब निरीक्षक बासुदेव कुवँरले सञ्चार माध्यमले सूचना र मनोरञ्जन सँगै सामाजिक क्षेत्रमा पनि कार्य गरेकोमा प्रशंसा गरे । कार्यक्रममा रेडियोमा आबद्ध कर्मचारीहरू,पर्यटन प्रहरी लगायतको सहभागिता रहेको कार्यक्रम संयोजक सविन रेग्मीले जानकारी दिए।

# पोखरा प्रवर्द्धन सम्मान गुरुङ र घिमिरेलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

पोखरा प्रवर्द्धन केन्द्रको प्रतिभा प्रोत्साहन कार्यक्रम अन्तर्गत यसपटक तनहुँका विश्व कीर्तिमानी धावक वसन्त घिमिरे र पोखराका समाजसेवी अशोक गुरुङलाई सम्मान गरिने भएको छ।

संस्थाले वार्षिक कार्ययोजना अन्तर्गत समाजसेवा, राष्ट्रसेवा र खेलकुदका माध्यमबाट उद्यमशीलता, नवप्रवर्तन एवम् पर्यटन क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका एकजना खेलकुद र एकजना उद्यम तथा नवप्रर्वतन क्षेत्रका प्रतिभालाई प्रोत्साहित गर्दै आएको छ । यसअघि, उक्त सम्मानबाट अग्रज समाजसेवी तथा उद्यमी पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बराल र विश्व कीर्तिमानी धावक लेफ्टिनेन्ट कुसान गुरुङ सम्मानित भइसकेका छन् । यसपटक सम्मानित हुने वसन्त घिमिरेको जन्म तनहुँको शुक्लागण्डकी-६ खैरनीटारमा २०२२ वैशाख ३ मा पिता बामदेव घिमिरे र रेवती घिमिरेको कोखबाट भएको हो। उनी सन् १९९५ मा पोखरामा सम्पन्न म्याराथनका स्वर्णपदक विजेता हुन् । सार्क स्थापनाको १० औं वार्षिकोत्सव अवसरमा आयोजित सार्कराष्ट्रस्तरीय पोखरा जिरो किमीदेखि मुग्लिनसम्म (९० किमी) दूरी उनले ७ घण्टामै पूरा गरी कीर्तिमानी कायम सहित नेपाललाई स्वर्ण दिलाएका थिए । यस्तै, पोखराको हल्लनचोक-पुनहिल-हल्लनचोकको १ सय किमी दूरी उनले ११ घण्टा ५९ मिनेट, ५९ सेकेण्डमा पार गरेका थिए। वेलायतमा भएको १ सय २८ किमीको अल्ट्राम्याराथनमा ४० औं स्थानमा आउन सफल घिमिरेले १३ घण्टा ३८ मिनेट ४२ सेकेण्डमा उत्तः दुरी पार गरेका थिए। सन् १९९६ मा बेलायतमा सम्पन्न ८० किमीको दौड उनले १८ घण्टा ३८ मिनेट ४२ सेकेण्डमा पूरा गरी कीर्तिमानी कायम गरेका थिए । उनले विभिन्न युरोपियन राष्ट्रमा सम्पन्न म्याराथनमा दर्जनौं पदक जितेर पृथक पहिचान कायम गरेका छन् । घिमिरे विश्वकीर्तिमानी धावक मात्र नभएर लोकदोहोरी गायन क्षेत्रका कुशल सर्जक तथा नायकसमेत हुन्। उनको दुलेगौँडा कटेसी खैरेनी लोकदोहोरी गीतिएल्बमसमेत बजारमा आएको छ । उनले विभिन्न लोक तथा आधुनिक गीतका म्यूजिक भिडियोमा अभिनयसमेत गरिसकेकाछन्।उनीफिनल्याण्डस्थित लोकदोहोरी प्रतिष्ठान युरोप शाखा सल्लाहकारसमेत हुन्।

यसैगरी, समाजसेवा क्षेत्रबाट सम्मानित हुने अशोक गुरुङ विश्व शान्ति स्तूप समितिका अध्यक्ष हुन् । पोखरा-२२, पुम्दीभुम्दी अनदुमा कृष्णबहादुर गुरुङ र आमा लक्ष्मीदेवीका कान्छो सन्तानका रूपमा २०२४ सालमा उनको जन्म भएको हो। उनी २०५० सालदेखि विश्व शान्तिस्तूपको श्रीवृद्धिमा क्रियाशील छन् । पुम्दीभुम्दीको पहिलो पर्यटकीय गन्तव्य विश्वशान्ति स्तूप समितिमा सचिवको नेतृत्वबाट अगाडि बढेका उनी उपाध्यक्ष हुँदै हाल अध्यक्षको भूमिकामा छन्।

पोखरा लायन्स क्लब अफ हिमालयनका पूर्व अध्यक्षसमेत रहेका उनी फेवा होटल लेकसाइड, तालपारि पोखरा लिची गार्डेन रेस्टुरेन्ट, गोबन्जी नेपाललगायत व्यावसायिक प्रतिष्ठानका साझेदार छन्। साथै ह्वाइट बर्ड एग्रोफर्ममार्फत् नवप्रवर्द्धन, पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धिका लागि उनीसहितको नेतृत्वमा रहेका विविध व्यवसायिक समूहले झण्डै ६० जनालाई प्रत्यक्ष रोजगारीका अवसरसमेत दिलाउँदै आएका छन्। विश्व पर्यटन दिवस अवसरमा यही असोज ११ गते दोस्रो पर्वतीय दौड प्रतियोगिताको समापन समारोहमा उनीहरुलाई सम्मान गरिने आयोजक पोखरा प्रवर्द्धन केन्द्रका अध्यक्ष दीननाथ बरालले जानकारी दिए। केन्द्र र पोखरा क्लिकको आयोजनामा दोश्रो संस्करणको पर्वतीय दौड प्रतियोगिता विश्व पर्यटन दिवसको दिनमा असोज ११ गते शनिबार पोखरामा हुने भएको छ। खुल्ला सहित प्रतियोगितामा ६ इभेण्ट समेटिएको केन्द्रका उपाध्यक्ष असफल गौतमले बताए।

# गोरखा...

पार्ने काम गरिन्छ।'' गोरखा दरबारको दसैँघर र कालिका मन्दिरमा एक-एक पाथीका दरले जौँको जमरा राखिएको उहाँले बताउनुभयो । त्यस्तै गोरखनाथ मन्दिरमा चार माना तथा उपल्लो कोट र तल्लो कोटमा एक-एक मानाका दरले जमरा राखिएको मूलपूजारी भट्टराईको भनाइ छ।

घटस्थापनाका दिन गोरखाको गोरखकाली मन्दिरमा जमरा राखेपछि मात्र देशभरका हिन्दूधर्मालम्बीले घर-घरमा जमरा राख्छन् भन्ने मान्यता रहँदै आएको छ। प्रतिपदा सुरु भएसँगै आजदेखि कालिका मन्दिरमा नियमित रुपमा बलि दिने प्रचलनसमेत रहेको छ।

त्यस्तै गोरखाको अर्को प्रसिद्ध धार्मिकस्थल मनकामना मन्दिरमा पनि आज बिहानको शुभसाइतमा जमरा राखिएको मन्दिरका मूलपूजारी इन्सान थापाले जानकारी दिनुभयो । घटस्थापनाका दिन राखिएको जमरा विजयादशमीको दिन टीकासँगै लगाउँदा शुभ हुने धार्मिक विश्वास रहेको पाइन्छ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# कास्की कारागारबाट भागेका कैदी स्याङ्जामा पक्राउ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ६ असोज

जेन जीको आन्दोलनको क्रममा भदौ २४ गते कास्की कारगारबाट भागेका कैदी पक्राउ परेका छन्।

स्याङ्जा भीरकोट नगरपालिका ३ का यमबहादुर रोकालाई प्रहरीको बिशेष टोलीले पक्राउ गरेको हो । कर्तव्य ज्यान मुद्धामा कारागार पुगेका रोका जेन जीको आन्दोलनको फाइदा उठाउदै भदौ २४ गते रातको समय फरार भएका थिए।

जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय वालिङ र सो मातहतबाट खटिएको बिशेष अप्रेसन टोलीले निजकै घरमा बसेको अवस्थामा पक्राउ गरी जिल्ला कारागार स्याङ्जा पठाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ। आन्दोलनका क्रममा कारागारबाट भागेका कैदीहरुलाई प्रहरीले तुरुन्त फर्कन आब्ह्वान गर्दै आएको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# प्रधानमन्त्रीकार्कीलाइ आइएनजीको विश्वास

भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र विध्वंशको बलमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीले धमाधम मन्त्रिमण्डल विस्तार गरिरहेकी छिन् । ११ सदस्यीय मन्त्रिमण्डल गठन गर्ने भनिएकोमा आठ सदस्य नियुक्त भइसकेका छन् । नौ वटा मन्त्रालय प्रधानमन्त्री कार्कीसंग छ । मन्त्रिमण्डलमा देखिएका अनुहारहरु अमेरिकासँग जोडिएको गैरसरकारी संस्थामा आबद्ध छन् । कृषिमन्त्रीमा नियुक्त भएका डा.मदन परियार समता फाउण्डेशनको अध्यक्ष हुन् । उनको फाउण्डेशनले युएसएआईडी, ओपन सोसाइटी फाउण्डेशन र द एसिया फाउण्डेशनबाट सहयोग ल्याउने गरेको छ । युएसआईडी र एसिया फाउण्डेशन अमेरिकी संस्था हो ।

यी संस्थासँग मिलेर समता फाउण्डेशनले स्वास्थ्य, शिक्षा, कृषि, मानव अधिकार र विपद् व्यवस्थापनमा काम गर्दै आएको दावी छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री बनेका पत्रकार जगदीश खरेल पनि बारबरा फाउण्डेशनमा आबद्ध थिए ।हुन त जेनजीको लिडर दावी गर्दै हिँडेका सुदन गुरुङ्ग आफैंपनि हामी नेपाल नामक एनजिओको अध्यक्ष हुन् । उक्त एनजिओको दर्तामै कैफियत छ । किर्ते गरेर एनजिओ दर्ता गरेकोमा अहिलेसम्म एकपटक पनि साधारण सभा र नवीकरण भएको छैन । यो नेपाल सरकारभन्दा पनि एनजिओ सरकार बढी देखियो । एनजिओमा भएका व्यक्तिहरुलाई सरकारले मन्त्री नियुक्त गरिरहेको छ । यसले नै आन्दोलनको योजनाकार को भन्ने प्रष्ट थाहा हुन्छ ।'

वर्तमान सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाई र शहरी विकासमन्त्री कुलमान घिसिङ्गविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचार मुद्दा छ । नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक उनले पदको दुरुपयोग गर्दै भ्रष्टाचार गरेको आरोपसहित उजुरी परेकोमा अहिलेसम्म 'क्लिनचिट' पाइसकेका छैनन् । तैपनि, सर्वत्र चर्चामा रहेकैले कार्की नेतृत्वको सरकारले उनलाई मन्त्री बनाएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्रीमा सिफारिस भएर शपथ ग्रहण गर्नुभन्दा केही घण्टाअघि नाम काटिएकी डा. संगीता मिश्र विवादित छविकी व्यक्ति हुन् । वरियता मिचिएको भन्दै आफूखुशी ६ महिना गैरहाजिर बनेकी उनी अस्ति मात्र मन्त्रालयमा हाजिर भएकी थिइन् । तर, मन्त्रीका लागि नाम सिफारिस भएपछि उनले पदबाट राजीनामा दिएकी हुन् ।

विवादित व्यक्तिलाई स्वास्थ्यमन्त्री बनाउन लागेको भन्दै विरोध भएपछि अन्तिम समयमा उनको नाम काटिएको थियो । अंगीकृत नागरिक उनले डुकमेण्ट किर्ते गरेको भनि लोकसेवा आयोगमा उजुरी परेको थियो । यता, स्वास्थ्य उपकरणमा भ्रष्टाचार गरेको आरोप पनि उनीमाथि लागेको छ । कानुन तथा गृहमन्त्री ओमप्रकाश अर्याल जेनजीको प्रस्ताव र विज्ञता आधारमा नभई काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) साहको सिफारिसमा मन्त्री बनेका छन । जेनजीहरुको रगतमा आफ्नो पनि स्वार्थको रोटी सेकेका बालेनले कानुनी सल्लाहकार अर्याललाई मन्त्री बनाएका हुन् । विदेशबाट डलर ल्याएर खाने र विभिन्न विवादमा मुछिएका पात्रहरु मन्त्री नियुक्त हुँदा भ्रष्टाचारको अन्त्य गर्ने भनि बनाइएको सरकारमाथि नै प्रश्न खडा भएको छ । सरकारको नजरमा त्यस्ता व्यक्ति मात्र परिरहँदा जेनजी आन्दोलनको उद्देश्य धुमिल बन्न पुगेको छ । जेनजीहरुले सरकारमा युवापुस्ता र भ्रष्टाचार बन्दको माग गरेकोमा प्रधानमन्त्रीमा ७३ वर्षीया महिला नियुक्त भएकी छिन् । यता, मन्त्रिमण्डलमा पनि युवापुस्ता देखिएका छैनन् ।

सरकारले भ्रष्टाचार गर्नेमाथि छानबिनका लागि उच्चस्तरीय छानबिन आयोग गठन गरेतापनि निष्पक्ष अनुसन्धान हुनेमा आशंका छ । अमेरिकाले युएसएआईडी र एसिया फाउण्डेशनमार्फत नेपाल आएको सहयोगलाई भ्रष्टाचार ठहर गरिसक्दा त्यतैबाट पैसा ल्याएर संस्था चलाउनेबाट भ्रष्टाचार रोकिने र सुशासन कायम हुने आशा गर्नेछ ठाउँ देखिदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# राष्ट्रिय क्रिकेट टोलीले पायो यूएईको प्रवेशाज्ञा

**रासस**
काठमाडौं, १ भाद्र

नेपाली क्रिकेटको राष्ट्रिय टोलीले संयुक्त अरब इमिरेट्स (यूएई)को प्रवेशाज्ञा पाएको छ ।

नेपाल क्रिकेट सङ्घका प्रवक्ता छुमी लामाकाअनुसार नेपाली राष्ट्रिय क्रिकेट टोलीले प्रवेशाज्ञा पाएको हो । सो टोली सोमबारत्यसतर्फ प्रस्थान गर्दैछ । टोलीले यही असोज ११ देखि १४ गतेसम्म युनिटी कल टी-२० इन्टरनेशनल प्रतियोगितामा सहभागिता जनाउनेछ ।

नेपालले त्यहाँ वेस्ट इन्डिजसँग प्रतिस्पर्धा गर्ने जनाइएको छ । नेपाली टोलीले प्रवेशाज्ञा नपाउँदा प्रतियोगितामा सहभागिता जनाउने विषयमा अन्योलता उत्पन्न भएको थियो ।

# ग्रामीण सडकमा सधैँको सास्ती

**रासस**
काठमाडौं, १ भाद्र

बागलुङ जिल्लाकै सबैभन्दा विकट गाउँ नर्जाखानी तीन महिनादेखि सिधा सडक सञ्जालसँग टुटेको छ ।

दसैं नजिकिएसँगै सहर बजार र विदेश गएका आफन्त गाउँ फर्किन थाले । उनीहरुले लिएर आएको कोसेली पनि घरमा सजिलै पुग्न पाएका छनैन् । स्थानीय घण्टौं पैदलयात्रा गरेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ । खोलामा गाडी नतर्ने र पहिरोले पुरिएको सडकमा पैदलयात्रा पनि निकै कष्टकर हुँदा नर्जाखानीका नागरिकले वर्षौंदेखि सास्ती खेप्नु परेको छ ।

तमानखोला गाउँपालिका-६ मा पर्ने नर्जाखानी पुग्न आधा दर्जन स्थानमा खोला तर्नुपर्छ । तर ती खोलामा पुल नबन्दा बर्खाको करिब चार महिना यातायात ठप्प हुने गरेको छ । स्थानीय तह स्थापनापछि सडकले जोडिएको नर्जाखानीका स्थानीय अहिले पनि दैनिक उपभोग्य सामान बोकेरै उपभोग गर्छन् ।

गाउँपालिकाको केन्द्र बोङ्गादोभान बजारदेखि नर्जाखानीसम्म बाह्रैमहिना सडक सञ्चालन गर्न पाँच स्थानमा मोटरेवल पुल निर्माण गर्नुपर्छ । अहिलेसम्म कुनै पनि स्थानमा पुल नबन्दा स्थानीय मर्कामा छन् । नर्जाखानीसँगै पाल्ले र भित्रिवन गाउँ अहिले सडक सञ्जालभन्दा टाढा छन् । तीन महिनाभन्दा बढी समय सडक बन्द हुँदा गाउँमा सामान ढुवानी गर्न समस्या भएको स्थानीय तमबहादुर छन्त्यालले बताउनुभयो । सडकले हिउँदमा धेरै सुविधा दिए पनि बर्खामा समस्या मात्रै बनाएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो,"सडकमा ठूला-ठूला पहिरो आएर बसेको छ, खोला उर्लिएर गाडी हिँड्ने ठाउँमा पुगेको छ, दसैं आयो, सडक खुलेन, हामीहरु धेरै मर्कामा छौँ, चाडवाडका बेला बजारबाट गाडीमै सामान ल्याउन पाए कति सजिलो हुने थियो, पाँच/छ घण्टा बोकेरै ल्याउनुपर्छ, खोलामा पुल बने त गाउँमै गाडी आउँथ्यो होला ।" बर्खामा गाडी नचल्दा बिरामीलाई अस्पताल पुऱ्याउन र यात्रा गर्न सबैभन्दा बढी समस्या हुने गरेको तमानखोला गाउँपालिका-५ का अध्यक्ष चित्रहादुर छन्त्यालले बताउनुभयो । यहाँका धेरै गाउँ खोला पार गरेपछि मात्रै पुग्न सकिने हुँदा अहिलेसम्म एउटा पनि बन्न नसकेको उहाँको भनाइ छ । खोलामा पानीको बहाव नघट्दा ठाउँ-ठाउँमा पहिरोले पुरिएको सडकसमेत खुलाउन नसकिएको उहाँले बताउनुभयो । तमानखोलाका अध्यक्ष जोकलाल बुढा मगरले भौगोलिक विकटताका कारण एक गाउँदेखि अर्को गाउँमा पुग्न धेरै ठाउँमा खोला पार गर्नुपर्ने जनाउँदै पुल नहुँदा नागरिकले समस्या भोग्नु परेको बताउनुभयो । खोलामा पानीको बहाव कम भएपछि सडक सञ्चालनमा ल्याउने योजना बनाए पनि वर्षा नरोकिएको हुँदा दसैं अगाडि सबै सडक सञ्चालनमा आउने सम्भावना कम रहेको उहाँको भनाइ छ । बर्खाका लागि स्थानीयले हिउँदमै सामान खरिद गरेर राख्नुपर्ने अवस्था रहेको भन्दै हिउँदमा खरिद गरेर राखेको सामानको म्याद बर्खाभरिमा गुज्रिसक्ने उहाँले बताउनुभयो ।

"दसैं तिहार आयो, सबै सडक खुलाउने तयारी गरिरहेका छौँ, तर खोलामा पानीको सतह नघट्दा दसैं अगाडि सबैं ठाउँमा गाडी चल्ने सक्ने सम्भावना कम छ, तमानखोलामा धेरै खोला छन्, एक गाउँदेखि अर्को गाउँसम्म पुग्न खोला तर्नुपर्छ, सबै ठाउँमा मोटरबाटो त पुऱ्यायौं," उहाँले भन्नुभयो ,"तर मोटरेबल पुल निर्माण गर्न सकेको छैनौं, एउटै पुल निर्माण गर्न करोडौं बजेट लाग्छ, त्यो बजेट पालिकासँग हुँदैन, केही ठाउँमा त बने अझै एक दर्जन पुल बनाउन सके पालिकाभर बाह्रैमहिना सडक सञ्चालन गर्न सकिने थियो ।" चार वर्ष अगाडिसम्म बुर्तिबाङ बजारदेखि बोङ्गादोभानसम्म पुग्न दुई स्थानमा गाडी परिवर्तन गर्नुपर्थ्यो । ढोरपाटन नगरपालिका-४ हुद्राफैंदी र भालिबाङ खोलामा मोटरेबल पुल निर्माण भएपछि बाह्रैमहिना यातायात सञ्चालन हुन थालेको छ । अहिले पालिकाको केन्द्रदेखि वडा नं २ को खोलेस्बाङबाहेक, वडा नं ५ को खुङ्खानीबाहेक अन्य वडामा बर्खामा सिधा यातायात सञ्चालन हुनसक्दैन । वडा नं ३ को तमान, वडा नं ४ को लाम्मेला गाउँ हुँदै म्याग्दी पुग्न ढोमइघाट र शेर्माखोला घाटमा पुल आवश्यक भए पनि यहाँ अहिलेसम्म पुल बनेको छैन । वडा नं २ को बोङ्खानी, मुठाचौर लगायतका गाउँसम्म पुग्न बोङ्खानीघाटमा मोटरेबल पुल बनेपछि यस वर्षदेखि सवारी सञ्चालन हुन थालेका छन् ।

# म्याग्दीको कालीपुल बसपार्कमा यात्रु सहायता कक्ष

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असोज

म्याग्दी सदरमुकाम बेनीको कालीपुल बसपार्कमा सोमबार यात्रु सहायता कक्ष स्थापना भएको छ ।

स्थलमार्गबाट म्याग्दी भित्रने नाकामा रहेको कालीपुल बसपार्कदेखि म्याग्दीबाट लामो तथा छोटो दूरीका यातायातका साधनहरू सञ्चालन हुन्छन् ।

चाडपर्व नजिकिँदै गर्दा यात्रुलाई लक्षित गरी जिल्ला प्रहरी कार्यालयले बसपार्कमा रहेको ट्राफिक कार्यालय परिसरमा सहायता कक्ष स्थापना गरेको प्रहरी नायव उपरीक्षक सूर्यबहादुर थापाले बताउनुभयो । चाडपर्वमा सर्वसाधारणसँगै मुस्ताङ जाने आउने तीर्थयात्री तथा पर्यटक र यातायात व्यावसायीलाई सहयोग एवम् सहजिकरण गर्ने उद्देश्यले सहायता कक्ष स्थापना गरिएको उहाँले बताउनुभयो ।

सहायता कक्षमा दसैं, तिहार र छठ पर्वको अवधीभर नियमित रूपमा सुरक्षाकर्मीको उपस्थित हुनेछन् । चाडपर्व लक्षित सुरक्षा योजनाअन्तर्गत सर्वसाधारण यात्रुलाई सार्वजनिक यातायातका साधनमार्फत यात्रा गर्दा आइपर्ने समस्या हटाउनका लागि मालिका गाउँपालिकाको केन्द्र दरवाङमा पनि सहायता कक्ष सञ्चालन गरिने प्रनाउ थापाले बताउनुभयो । सहायता कक्षको उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति म्याग्दीका कार्यवाहक प्रमुख डिलकुमारी खत्री र प्रमुख जिल्ला अधिकारी बद्रीप्रसाद तिवारीले चाडपर्वको समयमा सर्वसाधारणलाई सहज र सुरक्षित रूपमा यात्रा गर्ने व्यवस्था मिलाउन यातायात व्यवसायी र सुरक्षाकर्मीहरूलाई आग्रह गर्नुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख प्रहरी सहायक निरीक्षक विशाल परियारले सहायता कक्ष सञ्चालनका साथै दुर्घटना न्यूनीकरणका लागि नियमित जाँचलाई निरन्तरता दिएको बताउनुभयो ।

# अख्तियारमा नापी र मालपोतका उजुरी धेरै

**रासस**
काठमाडौं, ६ असोज

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रदेशगत रुपमा बागमती प्रदेशको सबैभन्दा बढी उजुरी पर्ने गरेको छ ।

आयोगले आइतबार सार्वजनिक गरेको गत आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन अनुसार प्रदेशगत रुपमा सबैभन्दा बढी अर्थात् ११ हजार २७७ वटा उजुरी दर्ता भएको उल्लेख छ । संघमा सात हजार ६२३, प्रदेशमा ७०८, स्थानीय तहमा दुई हजार ९४६ उजुरी दर्ता भएका छन् ।

स्थानीय तहमा मधेश प्रदेशको सबैभन्दा बढी उजुरी परेको छ । सो प्रदेशका स्थानीय तहहरुको मात्रै सात हजार ७२ उजुरी दर्ता भएका छन् । कूल उजुरीका आधारमा कोशी प्रदेशमा तीन हजार २९४, मधेशमा नौ हजार ६६८ उजुरी दर्ता भएका छन् ।

गण्डकी प्रदेशको दुई हजार ४१३, लुम्बिनी प्रदेशमा चार हजार ४२८, कर्णली प्रदेशको तीन हजार ३३० र सुदूरपश्चिम प्रदशेको दुई हजार ६१६ उजुरी दर्ता भएका छन् । देशभरका ७५३ वटा स्थानीय तहको कूल उजुरी १९ हजार ९३३ रहेका छन् । सो आवमा कूल उजुरी ३७ हजार २६ वटा परेका थिए । प्रदेशगत रुपमा १२ हजार ४७५ उजुरी दर्ता भएका छन् । प्रतिशतका आधारमा स्थानीय तहको सबैभन्दा बढी उजुरी परेको थियो । समग्रमा उजुरीका आधारमा ५३ दशमलव ८४ प्रतिशत उजुरी स्थानीय तहको देखिन्छ ।

**नापी र मालपोतसँग सम्बन्धित सबैभन्दा बढी**

संघीय मन्त्रालयगत आधारमा हेर्दा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित छ । सो मन्त्रालयसँग सम्बन्धित उजुरी १७ दशमलव १२ प्रतिशत छ । आयोगका अनुसार दुई हजार १३६ वटा उजुरी सो मन्त्रालय र मातहतका निकायको परेको छ । नापी तथा मालपोत कार्यालयमा भ्रष्टाचारजन्य गतिविधि बढी रहेको यसबाट अनुमान गर्न सकिन्छ ।

गृह मन्त्रालय र मातहतका निकायको १० दशमलव ४१ प्रतिशत उजुरी परेको छ । सो मन्त्रालय र मातहतका निकायको एक हजार २९९ वटा उजुरी परेको छ । शिक्षा, विज्ञान प्रविधि मन्त्रालयको १० दशमलव ३२ प्रतिशत अर्थात् एक हजार २८७ वटा उजुरी आयोगमा दर्ता भएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पाँच दशमलव ९९ प्रतिशत अर्थात् ७४७ वटा उजुरी दर्ता भएका छन् ।

अर्थ मन्त्रालयको पाँच दशमलव ४४ अर्थात् ६७९, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको चार दशमलव ८९ प्रतिशत अर्थात् ६१०, सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तीन दशमलव ५८ प्रतिशत अर्थात् ४४६ , भौतिक पूर्वाधार तथा यातायातको तीन दशमलव ४३ अर्थात् ४२८ उजुरी आयोगमा दर्ता भएका छन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तीन दशमलव १० अर्थात् ३८७, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको दुई दशमलव ५७ प्रतिशत अर्थात् ३२१ उजुरी परेका छन् । अन्य मन्त्रालय तथा निकायको भने ३३ दशमलव १५ प्रतिशत अर्थात् चार हजार १३५ वटा उजुरी दर्ता भएका छन् ।

**पोखरा महानगरसँग सम्बन्धित उजुरी बढी**

आयोगको विवरण अनुसार गत वर्षको जिम्मेवारी समेत सरेर आएका आधारमा सबैभन्दा बढी उजुरी परेका १० स्थानीय तह मध्ये पोखरा महानगरपालिका शीर्ष स्थानमा छ । सो महानगरसँग सम्बन्धित ४१३ उजुरी आयोगमा परेका छन् । दोस्रोमा काठमाडौं महानगर छ । सो महानगरसँग सम्बन्धित ३८१ वटा उजुरी आयोगमा दर्ता भएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प स ा ं क ा ` छिपहरमाई गाउँपालिकाको २९८, सुवर्ण गाउँपालिका बाराको २३०, नारायण नगरपालिका दैलेखको २०६, पचरौता नगरपालिका बाराको १९२, जलेश्वर नगरपालिका महोत्तरीको १९१, ललितपुर महानगरपालिकाको १८८, जनकपुर उपमहानगरपालिका धनुषाको १७९, कटहरिया नगरपालिका रौतहटको १६९ वटा उजुरी दर्ता भएका छन् ।

**छ अर्ब एक करोड ८४ लाख बराबरको बिगो दावी**

सो आवमा आयोगले भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धिकरणसम्बन्धी कसुरमा दुई गरी कूल १३७ मुद्दा विशेष अदालतमा दायर गरेको थियो । आयोगले ७५३ प्रतिवादी विरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त रु छ अर्ब एक करोड ८४ लाख ७२ हजार छ सय ९२ बराबरको बिगो मागदावी गरेको छ । सार्वजनिक सम्पत्ति हानी नोक्सानीको मात्रै रु चार अर्ब ६४ करोड ४१ लाख ७३ हजार ९४६ बराबरको बिगो दावी गरिएको छ । गैरकानुनी लाभ वा हानीको रु ८२ करोड ५५ लाख ५७ हजार ४४ बराबरको बिगो दावी गरिएको छ । गैरकानुनी सम्पत्ति आर्जनको रु ३४ करोड ९६ लाख ९१ हजार ८६८, घसु रिसवतको रु चार करोड ९२ लाख ७६ हजार ८०० बराबरको बिगो माग दावी गरिएको छ

# दुई महिनादेखि जोखिमपूर्ण यात्रागर्दै बगरवासी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ असोज

म्याग्दीको धवलागिरि गाउँपालिका-४ बगर र जेल्टुङ गाउँवासीले विगत दुई महिनादेखि जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका छन् ।

गाउँबाट वडा कार्यालय, गाउँपालिका र जिल्ला सदरमुकाम जानका लागि प्रयोग हुने जेल्टुङ-नाउरा सडकखण्ड अन्तर्गत लप्किसको खोल्सामा पहिरोले बाटो बगाएपछि दुई महिनादेखि भऱ्याङ र डोरीको सहायताले आवतजावत गर्नुपर्ने बाध्यताआएको हो ।

गत असार अन्तिमदेखि पहिरो जान थालेको र अहिले करिब आठ मिटर बाटो पूर्ण रुपमा बगाएर लगेको स्थानीय कैलास आधारभूत विद्यालयका शिक्षक जगलाल हर्मेलले जानकारी दिनुभयो । उहाँका अनुसार, ठाडो खोल्साबाट आएको बाढीपहिरोले बाटोको बेस नै नरहने गरी बगाएपछि स्थानीयवासीले आवतजावतमा जोखिमपूर्ण यात्रा गर्दै आएका छन् ।

दैनिकजसो सर्वसाधारण ओहोरदोहोर गर्ने बाटो पहिरोले बगाएपछि जनजीवन नै कष्टकर बनेको छ । बजारबाट खाद्यान्नलगायतका सामान ढुवानी गरी गाउँमा पुऱ्याउनसमेत सकस भएको धवलागिरि गाउँपालिका-४ का वडा सदस्यसमेत रहनुभएका स्थानीय अगुवा हरिप्रसाद तिलिजाले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले दिनहुँजसो पहिरोग्रस्त ठाउँमा मर्मत गरी जोखिम मोलेर वारपार गर्दै आएका छौँ, बालबालिका, महिला र ज्येष्ठ नागरिक आवतजावत गर्न मुस्किल छ ।" जेल्टुङ र बगर गाउँमा करिब ७० घरधुरीको बसोबास रहेको छ । सहरी क्षेत्रबाट चाडपर्व मनाउन गाउँ फर्कनेहरुसमेत गाउँ पुग्ने बाटो जोखिमपूर्ण बनेपछि समस्या भएको छ ।

चक्रिय धौलागिरि पदमार्गले समेटिएको बाटो पहिरोले अवरुद्ध बनेपछि पर्यटकसमेत समस्यामा परेका छन् । शरदयामको लागि हिमाल आरोहण र चक्रिय धौलागिरि पदयात्राका लागि आउन लागेका पर्यटकले यो बाटोको विकल्पकारुपमा मार्फा हुँदै आधारशिविर पुग्ने र हेलिकप्टरमार्फत जान सुरु गरेका छन् ।

# दुर्गा पक्ष सुरु : बडादसैँको रौनक, घरघरमा घटस्थापना गरिँदै

**पूर्णप्रसाद मिश्र**
काठमाडौं, ६ असोज/रासस

प्रत्येक वर्ष आश्विन शुक्ल प्रतिपदादेखि सुरु हुने हिन्दुहरुको महान् पर्व बडा दसैं सोमबारदेखि प्रारम्भ भएको छ।

यो पर्व आश्विन शुक्ल पूर्णिमासम्म १५ दिन धूमधामका साथ मनाउने गरिन्छ । बडा दसैंको पहिलो दिन सोमबार घरघरमा विधिपूर्वक दियो, कलश र गणेश स्थापनासहित घटस्थापना गरिन्छ। पूजा कोठा वा दसैं घरमा वैदिक विधि पूर्वक शक्तिकी अधिष्ठात्री देवी दुर्गाको आह्वान गरी पूजा आरम्भ हुन्छ।

सोमबार बिहानै नित्य कर्म समाप्त गरी नजिकको नदी वा चोखो स्थलबाट बालुवा वा माटो ल्याई गाईको गोबरले लिपपोत गरिएको पूजा कोठा अथवा दसैं घरमा विधिपूर्पक राखेर त्यसमाथि यव अर्थात् जौ रोप्ने गरिन्छ । यस कार्यलाई जमरा राख्ने पनि भनिन्छ । यव अङ्कुर दुर्गा देवीको प्रिय वस्तु भएकाले आज यव रोपण गरी दुर्गालाई चढाएर विजयादशमीको दिन टीका प्रसादसितै समृद्धिको प्रतीक पहेंलो जमरा पनि ग्रहण गरिन्छ। जमरामा जौ बाहेक अरु अन्न रोप्ने शास्त्रीय विधि नभएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ । कुल परम्परा अनुसार कसैले अन्य अन्न पनि जौसितै रोप्ने गरेका छन् । जमरालाई आयुर्वेदिक औषधीका रुपमा समेत प्रयोग गरिन्छ।

**घटस्थापनाको साइत ०९:१३ बजे**

आजैका दिन विधिपूर्वक घट अर्थात् घडा स्थापना गरी त्यही घडामाथि शक्तिस्वरुपा दुर्गाको पूजा आराधना गरिने भएकाले आजको दिनलाई घटस्थापना भन्ने गरिएको हो । आज स्थापना गरिएको पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने गरिन्छ। आज घटस्थापनाको साइत बिहान ०९:१३ बजे रहेको समितिले जनाएको छ । सूर्योदयकालमा प्रतिपदा भएका दिनमा घटस्थापना गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता अनुसार नै समितिले आजको दिनलाई घटस्थापना भनी निर्णय गरेको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले राससलाई जानकारी दिनुभयो।

दुर्गा देवीका तीनवटा रुप महाकाली, महालक्ष्मी र महासरस्वतीको नवरात्रभर विधिपूर्वक आह्वान गरी पूजा आराधना गरिन्छ । महाकाली शक्तिको प्रतीक, महालक्ष्मी धनधान्य र ऐश्वर्यको प्रतीक र महासरस्वतीलाई विद्या र बुद्धिको प्रतीकको रुपमा पूजा आराधना गर्ने वैदिककालदेखिको परम्परा छ।

दुर्गाले आसुरी प्रवृत्तिको प्रतीकको रुपमा रहेका चण्ड, मुण्ड, शुम्भ, निशुम्भ र रक्तवीज लगायतका राक्षसलाई वध गर्न लिएका नौवटा रुपको दुर्गा पक्षका अवसरमा बिशेष पूजा, आजा र आराधना गर्ने गरिन्छ । आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्मको १५ दिनलाई दुर्गा पक्ष पनि भनिन्छ।

**नौ दिन नौ दुर्गाको पूजा**

यो पक्षको पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्री, आठौं दिन महागौरी, र नवौं दिन सिद्धिदात्री देवीको पूजा आराधना गर्ने गरिन्छ। यिनै नौवटा दुर्गाका रुपलाई नवदुर्गा भन्ने गरिन्छ । आसुरी एवं राक्षसी प्रवृत्तिबाट मानवलाई जोगाएकाले समस्त मानव जातिले नै दुर्गादेवीको पूजा आराधना गर्ने शास्त्रीय नियम छ । दुर्गा पूजा र दसैं पर्व कुनै जात एवं धर्म विशेषको नभएको शास्त्रीय प्रमाण रहेको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । दसैं पर्वलाई असत्यमाथि सत्य र आसुरी शक्तिमाथि दैवी शक्तिको विजयको प्रतीकका रुपमा मनाउने गरिन्छ। दुर्गाको प्रतीकका रुपमा आजको दिनदेखि महानवमीसम्म प्रत्येक दिन छुट्टाछुट्टै गरी नौवटी कन्याको पूजा समेत गर्ने गरिन्छ। यसरी पूजा गरिने कन्या दुई वर्ष .माथिका हुनुपर्ने शास्त्रीय विधान छ।

बडादसैंको सातौं दिन धार्मिक विधिअनुसार फूलपाती भित्र्याइन्छ । महाअष्टमी र महानवमीका दिन बलि पूजा गर्नेहरुले दसैं घर, कोत र शक्तिपीठमा बलिसहित विशष पूजा गर्छन् । नवरात्रभरदुर्गासप्तशती(चण्डी), श्रीमद्देवीभागवत र अन्य देवी स्तोत्र एवं स्तुतिको पाठ पारायण पनि गर्ने गरिन्छ। यस अवसरमा गुह्येश्वरी, मैतीदेवी, नक्साल भगवती, शोभा भगवती, नाला भगवती र पलाञ्चोक भगवती लगायत देशभरका शक्तिपीठमा पूजा आराधना एवं दर्शन गर्ने भक्तजनको घुइँचो समेत हुनेगर्छ।

**विजयादशमीको साइत असोज १६ गते बिहान ११ : ५३ बजे**

नवरात्र भनेरसमेत चिनिने दसैं नौ रात र दश दिनको हुने गरेकामा यस वर्ष १० रात र ११ दिनको हुन पुगेको छ। तिथिको घटबढका कारण यस्तो परेकाले यस्तो अवस्थामा खापेर पूजा र पाठ गरी देवीको आराधना गर्नुपर्ने तन्त्र विषयका पुस्तकमा लेखिएको समितिका पूर्वअध्यक्ष प्राश्रीकृष्ण अधिकारीले बताउनुभयो। आज विधिपूर्वक घर घरमा आह्वान गरी पूजा आराधना गरिने दुर्गा देवीलाई असोज १६ गते विजयादशमीका दिन विसर्जन गरी मान्यजनबाट प्रसादका रूपमा टीका, जमरा र फूलप्रसाद ग्रहण गर्ने गरिन्छ।

असोज १६ गते देवी विसर्जनको साइत बिहान ०९ : २३ बजे रहेको समितिले जनाएको छ। टीकाप्रसाद ग्रहण गर्न साइत खोज्नेका लागि भने ११ : ५३ बजेको साइत उत्तम छ। विजयादशमीदेखि कोजाग्रत पूर्णिमामा अखिल बलि पूर्ति नभएसम्म देवीको प्रसाद लगाउने शास्त्रीय विधि छ ।विजया दशमीदेखि कोजाग्रत पूर्णिमाका दिनसम्म आफ्ना मान्यजनबाट देवीको प्रसाद र आशीर्वाद ग्रहण गरिन्छ । पूर्णिमाका दिन धनधान्यकी प्रतीक महालक्ष्मीको व्रत बसी रात्रीमा जाग्राम रहेर पूजा लगाइ धन ऐश्वर्य प्राप्तिको कामना गर्ने गरिन्छ। यस दिन जाग्राम बस्ने मानिसलाई लक्ष्मीले धन धान्य दिई सम्पन्न बनाइदिने धार्मिक विश्वास छ । आजको दिन घटस्थापना गरेर राखेको जमरा कोजाग्रत पूर्णिमाकै दिन चोखो स्थानमा लगी विसर्जन गरिन्छ।

**हनुमानढोकाको दसैं घरमा विशेष पूजा**

परम्पराअनुसार काठमाडौंको हनुमानढोका दरबारमा रहेको दसैं घरमा आजैदेखि वैदिक विधिअनुसारजमराराखीशक्तिस्वरुपा दुर्गा देवीको पूजा आराधना सुरु हुन्छ । आज बिहान वैदिक विधिपूर्वक समितिले दिएको साइतमा घटस्थापना गरिने हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख काजीमानप्याकुरेललेबताउनुभयो। दसैंघरमा घटस्थापनापछि दैनिक बलि दिई विधिपूर्वक पूजा आराधना गरिन्छ। महानवमीका दिन हनुमानढोकाको कोतमा ५४ बोका र ५४ राँगासहितको बलि दिइन्छ।

रोजगारी, अध्ययन एवं अन्य काम विशेषले आफ्नो घर बाहिर रहेका मानिस दसैंको अवसर पारेर घर फर्कने र परिवारका साथ बसेर महान् पर्व मनाउँछन् । यसैले बडादसैंलाई पारिवारिक पुनर्मिलनको पर्वका रूपमा समेत लिइन्छ । धेरैजसो शैक्षिक संस्थाले दसैंका अवसरमा आजैदेखि बिदा दिने गरेका छन्।

# युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको १९ औं वार्षिक साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

कास्की जिल्लाभर कार्यक्षेत्र रहेको युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्थाको १९ औं वार्षिक साधारण सभा सोमबार सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथि जेष्ठ शेयर सदस्य समाजसेवी एवम् व्यवसायी सुवेदार श्रीप्रसाद गुरुङ रहनु भएको थियो भने विशेष अतिथि पोखरा फाइनान्सका सिइओ प्रकाश गुरुङ रहनु भएको थियो। यसैगरी कार्यक्रमा अतिथि लोक गायक प्रजापति पराजुली, अतिथि सिडिई किसान सिंह गुरुङ संचालक समिति सदस्य सु.भोज बहादुर गुरुङ लगायतले बोल्नु भएको थियो। कार्यक्रममा शिक्षा उपसमिति संयोजक तेज बहादुर गुरुङले सहकारीका सात सिद्धान्त वाचन गर्नु भएको थियो भने उपाध्यक्ष क्या. दानबहादुर गुरुङले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा



संस्थाका अध्यक्ष पूर्ण बहादुर गुरुङले वार्षिक प्रतिवेदन र आगामी आ.व.का कार्यक्रमहरु प्रस्तुत गर्नुभएको थियो।

लेखा समितिको प्रतिवेदन संयोजक शुशील कुमार श्रेष्ठले र कोषाध्यक्षको प्रतिवेदन पदम बहादुर गुरुङले प्रस्तुत गर्नु भएको थियो। कार्यकारी प्रमुख संगम पोखरेलले संस्थाका गतिविधि र भावी कार्यक्रमको बारेमा जानकारी दिनु भएको थियो । सो अवसरमा उत्कृष्ट कर्मचारी जियाना थापालाई सम्मान गरिएको थियो भने वचत कर्तामा ववित गुरुङ र सिता गुरुङ साथै उत्कृष्ट ऋण कारोबारमा निर्मला पौडेललाई सम्मान गरिएको थियो।

सोही अवसरमा रिक्त रहेको संचालक समितिको सचिव पदमा लक्ष्मी गुरुङ र सदस्य पदमा शिव सुवेदीलाई निर्वाचन संयोजक अधिवक्ता प्रदिप कुमार रानाले नियुक्त गनुभयो । कार्यक्रम संस्थाका अध्यक्ष पूर्ण बहादुर गुरुङको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको संचालन का.वा. सचिव लक्ष्मी गुरुङले गर्नुभएको थियो।

# उपकार बचत तथा ऋण सहकारी संस्था लि. को १८ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

पोखरा महानगरपालिका वडा नं. ६, नारेश्वर स्थित उपकार बचत तथा ऋण सहकारी संस्था लि. को १८ औं साधारण सभा सोमबार सम्पन्न भएको छ।

संस्थाका अध्यक्ष सूर्यनाथ पहारीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा वडा नं. ६ की वडा सदस्य एवम् शेयर सदस्य पवित्रा थापाले उद्घाटन गर्नु भएको थियो । सो अवसरमा संस्थाका कार्य समिति सदस्य भगिरथी थापा क्षेत्रीले सहकारीको सात सिद्धान्त वाचन गर्नु भएको थियो भने संस्थाका सचिव कृष्ण कुमारी घिमिरे पौडेलले कार्यक्रम संचालन गर्नुभएको थियो । संस्थाका उपाध्यक्ष सुन्दर राज पहारीले स्वागत मन्तव्य दिदै सुरु भएको कार्यक्रममा, शेयर सदस्यको तर्फबाट तुलसी दाहालले आफ्नो भनाई राख्नु भएको थियो।

संस्थाको बित्तीय जानकारी दिदै कोषाध्यक्ष बैकुण्ठ ढुङ्गानाले



जम्मा निक्षेप २९ करोड ६८ लाख ३९ हजार ५ सय ३७ रुपैया ९५ पैसा रहेको, कर्जा तर्फ २१ करोड ६० लाख ५९ हजार ५ सय १५ रुपैयाँ ९५ पैसा र शेयर पूँजी ७ करोड ८१ लाख ६७ हजार ८ सय रुपैयाँ रहेको बताउनुभयो । कार्यक्रमा गत आ.ब. २०८१/८२ मा असल कारोबार गर्ने विभिन्न बिधामा शेयर सदस्यहरुलाई सम्मान पत्र, नगद तथा दोसल्ला ओडाएर सम्मान पनि गरेको थियो, जस अनुसार असल कारोबारीमा शेयर सदस्य राम कुमार श्रेष्ठ तथा निरमाया श्रेष्ठ, मुद्दती बचत तर्फ नारायणी पहारी, बाल बचत तर्फ गौरव पहारीलाई सम्मान गरिएको हो।

प्रमुख अतिथिको तर्फबाट पबित्रा थापाले शेयर सदस्यहरुले आफ्नो सम्पुर्ण कारोबार इमान्दारीताका साथ आफु शेयर सदस्य भएको सहकारीबाट गरे सहकारीलाई आजको बिषम परिस्थितीमा सहज हुने बताउनुभयो।

सम्पूर्ण शेयर सदस्यहरुलाई धन्यबाद सहित आउदै गरेको बडा दशैं, दीपावली तथा छठ पर्वको शुभकामना दिदै संस्थाका अध्यक्ष सूर्यनाथ पहारीले कार्यक्रमको समापन गर्नु भएको थियो।

# पोखरामा स्वदेशी उत्पादनको राइड सेयरिङ एप 'मुभइन' सेवा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ असोज

अब देखि पोखरामा ट्याक्सी सेवा लिनको लागि सडक छेउमै उभिनु पर्ने अबस्था छैन । मोबाइलमा 'मुभइन' एप खोल्नुस्, नजिकको ट्याक्सी देख्नुस् र आफ्नै घर गेटमै सेवा लिन सक्नुहुन्छ । पोखरामा सोमबारदेखि यो सेवा औपचारिक रुपमा सुरु भएको हो।

यो सेवा स्वदेशी लगानी र सीपमा बनेको नेपालकै पहिलो राइड सेयरिङ एप भएको दाबी गरिएको छ । यसअघि राइड सेयरिङको विरोध गर्दै सडकमा उत्रिएका यातायात व्यवसायी अहिले भने आफ्नै एप प्रयोग गर्न आग्रह गर्दैछन् । गण्डकी प्रदेश सरकारले २०८२ मा 'राइड सेयरिङ नियमावली' पास गरेपछि विरोध गरेका व्यवसायीले अन्ततः समयसँगै तालमेल गर्दै नयाँ प्रविधि अपनाएका हुन्।

एप प्रयोग गर्दा अब भाडा बार्गेनिङ गर्ने झन्झट नहुने मुभइन प्रालिका प्रमुख कार्यकारी अधिकृत प्रमेश पराजुलीले बताउनु भयो। उहाँले भन्नुभयो "फिक्स मूल्यमा सहज र पारदर्शी ढंगले प्राय पोखराका धेरै क्षेत्रमा सेवा लिन सकिने सुविधा हामीले दिएका छौं।" आईटी इन्जिनियर रविन तिवारीको नेतृत्वमा ६० जनाको टोलीले करिब एक वर्षमा यो एप तयार गरेको हो । हाल 'मुभइन प्रालि', 'पोखरेली ट्याक्सी सेवा प्रालि', 'स्किल इनोभेसन' लगायतको लगानीमा एप सञ्चालन भएको छ । सुरुवाती चरणमै पोखराका एक हजारभन्दा बढी ट्याक्सी यसमा आबद्ध भइसकेका छन्।

हाललाई प्रयोग निःशुल्क राखिएको छ। पछि अलिकति शुल्क लिइने भए पनि अन्य विदेशी एपको भन्दा सस्तो मूल्यमा सेवा उपलब्ध हुने कम्पनीको दाबी छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले भने, "समय बदलिन्छ, व्यवसायी पनि प्रविधिमैत्री हुनैपर्छ। निजी कार र मोटरसाइकल हटाएर सार्वजनिक सवारीलाई प्राथमिकता दिने गरी यो एप सञ्चालन भएको छ।"

पोखरामा करिब २ हजार ट्याक्सीमध्ये १८ सय सक्रिय छन् । सिजनमा एक ट्याक्सीले दैनिक ३-४ हजार रुपैयाँसम्म कमाउने गरेको तथ्यांक छ। एप सफल भए चालकलाई स्थिर आम्दानी र यात्रुलाई सहज सेवा दुवै उपलब्ध हुने अपेक्षा गरिएको छ। गण्डकी प्रदेशस्तरका अन्य व्यवसायीले पनि यसलाई नमुना एपको रूपमा विकास गर्दै देशभर विस्तार गर्नुपर्ने धारणा राखेका छन्। कार्यक्रमका वक्ताले संचारकर्मीहरूमार्फत व्यापक प्रचार-प्रसारमा जोड दिएका छन् । सुरुवाती चरणमा सार्वजनिक ट्याक्सीमा मात्र प्रयोग हुने यो एपलाई क्रमशः देशव्यापी विस्तार गर्ने तयारी गरिएको छ । महासंघका अर्को बरिष्ठ उपाध्यक्ष एवं पृथ्वीराजमार्ग बस संचालक कम्पनीका अध्यक्ष ऐन कुमार शाईले उक्त एपलाई नमुना एपको रुपमा विकसित गर्दै प्रभावकारी ढंगले प्रयोग गर्नुपर्ने बताए। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सहितको टोलीले विदेशी एपमा लैजान हतार गरेकोले आफुहरुले त्यसको बिरोध गरेको उनले जनाए । महासंघका गण्डकी संयोजक केदार पौडेल, पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष शोभाकान्त पौडेल, पूर्व अध्यक्ष प्रकाशमणि तिवारी, एवान ग्रेटर नेपालका अध्यक्ष अर्जुन पौडेल लगायतले प्राविधि मैत्रि स्वदेशी एप आफुहरुसंग भएकोले अब यसको प्रभावकारी ढंगबाट संचालन गर्ने जसको व्यापक प्रचार प्रसार गर्न संचारकर्मी समक्ष आग्रह गर्नुभयो । अब देखि आफुहरुलाई


## कर्जा भुक्तानी गर्ने बारे ७ दिने सूचना

**प्रकाशित मितिः २०८२/०६/०७ गते**

यस सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने सावा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| नाम थर : बत्ती वि.क.<br>ना.प्र.नं. : ४९७४२<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>पतिको नाम : भिम बहादुर वि.क.<br>ससुराको नाम : पूर्ण बहादुर वि.क.<br>बाबुको नाम : पतिराम वि.क. |  | जग्गा रहेको ठेगाना :<br>पोखरा ३१, कास्की<br>कि.नं.: ३५८३<br>क्षेत्रफलः<br>४९६/७३ वर्ग मिटर | नाम थर : भिम बहादुर विश्वकर्मा<br>ना.प्र.न : ९२१७<br>जारी मिति :२०३९/१२/०७ स्याङ्जा<br>बाबुको नाम : पूर्ण बहादुर वि.क.<br>बाजेको नाम : गोरे बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना : आँधिखोला ३, स्याङ्जा<br>हालको ठेगाना : पोखरा १७, कास्की<br>सम्पर्क न.: ९७०८११९९९८ |  |

**सफल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा ७, घारीपाटन, फोन नं.: ०६१-४५६७२२**